प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/०४


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचास प्रतिशत (५०.१२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १३९१२९ (१००%) | ६९७३७ (१००%) |
| निको भएको | ९६६०९ (६९.४%) | ४४२५७ (६३.५%) |
| उपचाररत | ४१७५५ (३०.०%) | २५१३५ (३६.०%) |
| मृत्यु भएको | ७६५ (०.५५%) | ३४५ (०.४९%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०४ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०४ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०४

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १५० जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र ९९ र बाहिर ५१) जसमध्ये ४९ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ४२ र बाहिर ७) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ-२, भक्तपुर-२, ललितपुर-१ (**कुल जम्मा - ५**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- तारकेश्वर-७, काठमाण्डौकी ६३ वर्षिया महिलालाई कार्तिक २ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ ।उहाँको कार्तिक १ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँ उच्च रक्तचाप, मधुमेह र दिर्घ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो | बौद्ध-६, काठमाण्डौका ७० वर्षीय पुरुषलाई मुटु र श्वासप्रश्वासको समस्या, निमोनिया भई असोज २७ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ३ गते निधन भएको छ । उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- भक्तपुरकी ७२ वर्षिया महिलालाई असोज २८ गते शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ३ गते निधन भएको छ ।उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप, मधुमेह र दमको समस्याले ग्रसित हुनुहुन्थ्यो । असोज २९ गते कोभिड-१९ पुष्टि भई होम आइसोलेसनमा बसिरहेका सुर्यविनायक-५, भक्तपुरका ८१ वर्षिय पुरुषको कार्तिक ३ गते निधन भएको छ ।

- ग्वार्को-१७, ललितपुरका ६७ वर्षिय पुरुष असोज २८ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ३ गते निधन भएको छ ।उहाँको असोज २६ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६१२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३०१ जना बसिरहनुभएको छ भने १४१७ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४५९५ वटा आइसोलेशन बेड

तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७४३ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १७२२५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३६७४९ जनाको पिसिआर परिक्षण गरिएको छ ।

- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थनीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका# | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०४८१ | ५३१६३ | ४८२०९ | १४३१ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २७३१ | ११२३४ | ६६७३ | १२३ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १३८५ | ११५२५ | ४६१२ | १४८ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ९ | १३१९ | ७२ | ३८ | |
| नुवाकोट | ५४९ | ३ | ७० | ४० | २१ | १२८ | ५७९८ | ४२९ | १६ | |
| धादिङ | ३१५ | ० | १८ | १३७ | ५५ | ३१८ | ४९७६ | ९०० | ३० | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ९२६ | १५७७९ | ३६८८ | ८० | |
| सिन्धुली | ३१३ | १७ | २५ | ४३ | २० | १०६ | ३६७५ | ३१८ | | |
| मकवानपुर | १५५ | ४ | ० | २४५ | ८६ | ७८३ | १३७६० | २६९७ | ११३ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ३७ | १४७९ | २९४ | | |
| दोलखा | १९३ | २ | ३ | ४४ | १० | ५ | २३०७ | २११ | १ | |
| काभ्रेपलान्चोक | ५९७ | १३ | ७० | १७६ | ८७ | ३१८ | ६२७२ | १२४५ | ३ | |
| सिन्धुपाल्चोक | ७५४ | ३ | १०१ | १२६ | ४९ | १३५ | ५४६२ | ३८९ | २९ | |
| जम्मा | ७६१२ | ३०१ | १४१७ | ४५९५ | ३७४३ | १७३६२ | १३६७४९ | ६९७३७ | २०१२ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र

अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २८६४१ | ३४ | २४० | १०९ जनाः मकवानपुर-१०६, बारा-१, गोर्खा-१, डडेलधुरा-१ | १३१ | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

### ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यवस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई